# प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय, बबरमहल काठमाण्डौका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/२९ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात् मिति २०८३/०४/०८ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

### क. ऋणी तथा जमानतकर्ताको विवरण :

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/०७/२८ मा दर्ता नं. ७७४८७/०६७/०६८ मा दर्ता भई आन्तरीक राजश्व कार्यालय, जनकपुरबाट मिति २०६७/०८/०५ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०४५३१६५१ को प्रमाणपत्र प्राप्त **कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि.** ।

**रजिष्ट्रर्ड ठेगाना :** धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४ (साविक जनकपुर न.पा. वडा नं. ४) ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : रामपृत यादव** (ना.प्र.नं. १७५०/१७३२ जारी मिति २०४४/०३/१७, प्रतिलिपि मिति २०६९/०७/१७, जि.प्र.का. सिराहा)।<br>**ठेगाना :** सिराहा जिल्ला नवराजपुर गा.पा. वडा नं. ४ (साविक नवराजपुर गा.वि.स. वडा नं. २) ।<br>**बाबु :** ब्रहमदेव यादव ।<br>**बाजे :** खुशी यादव । | **जमानतकर्ता : रामसती यादव** (ना.प्र.नं. ६४२२२७०३-५२, जारी मिति २०५९/१०/०६ प्रतिलिपि मिति २०७८/०४/०७, जि.प्र.का. सिराहा) ।<br>**ठेगाना :** सिराहा जिल्ला नवराजपुर गा.पा. वडा नं. ४ (साविक नवराजपुर गा.वि.स. वडा नं. २) ।<br>**बाबु :** अमृतलाल यादव ।<br>**पति :** रामपृत यादव । **ससुरा :** ब्रहमदेव यादव । |

### ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :

१. कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि.को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको जनकपुर न.पा. वडा नं. ९, नक्सा सिट नं. १३५५०४, स्थित कित्ता नं. क्रमसः २४९, २५२, ४, २५३, २५८, २५०, ७ र २६८, क्षेत्रफल क्रमसः ०-०-२-१.५, ०-०-३-२.५, ०-४-१३-१, ०-०-२-१, ०-०-५-३.५, ०-०-१-३, ०-०-१६-० र ०-०-११-० (बिघा)को घर/जग्गा र ऐ.ऐ वडा नं. ९, नक्सा सिट नं. १३५५०९, स्थित कित्ता नं. २४८ क्षेत्रफल ०-०-८-१.२५ (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..................।

२. रामपृत यादवको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायम रहेको नहरनीया नवराजपुर गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २, स्थित कित्ता नं. ५७१ र ७०९, क्षेत्रफल ०-०-१३.५-० र १-६-०-० (बिघा) को जग्गा, ऐ.ऐ. वडा नं. ३, नक्सा सिट नं. ३ स्थित कित्ता नं. २११, ६५४ र ७७१ क्षेत्रफल ०-६-१२-०, १-४.५-०-० र ०-१-५-० र (बिघा) को जग्गा र ऐ.ऐ वडा नं. ४, नक्सा सिट नं. ४ स्थित कित्ता नं. १००९ क्षेत्रफल ०-०-७-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....।

३. **ऋणी कृष्ण मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .........।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x26